पूर्वखोला गाउँपालिकाका अध्यक्ष श्री नुन वहादुर थापा ज्यू द्वारा पूर्वखोला गाउँसभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम

# "शिक्षा, स्वास्थ्य सडक, कृषि पर्यटन सहितको पूर्वाधार, पूर्वखोला विकासको आधार"

यस पूर्वखोलागाउँपालिकाको पाचौंगाउँसभामा आमन्त्रित प्रदेश सरकारका माननीय सांसद नारायण प्रसाद आचार्य ज्यू, जिल्ला समन्वय समितिका सदस्य श्री इश्वरी प्रसाद न्यौपाने ज्यू, यसै गाउँपालिकाका उपाध्यक्ष ज्यू, गाउंसभाका सचिव ज्यू, गाउँ सभाका सदस्यज्यूहरु तथा कर्मचारी ज्यूहरु

पूर्वखोला गाउँपालिकाको पाचौं गाउँ सभामा आ.व ०७६।०७७ को लागि बजेट नीति तथा कार्यक्रम प्रस्तुत समारोहमा गाउँपालिकाको अध्यक्षको तर्फवाट हार्दिक स्वागत गर्न चाहान्छु । लोकतन्त्र प्राप्तिको लागि संघर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते योद्धा,वेपत्ता नागरिक एवं अग्रज योद्धाहरुप्रति उच्च सम्मान गर्दछु ।

**श्रद्धेय गाउँ सभाका सदस्य ज्यूहरु,**

पाल्पा जिल्लाको दशवटा स्थानीय तहहरु मध्ये यस गाउँपालिका जिल्ला सदरमुकाम देखि करिव ४० किलोमिटर टाढा प्राकृतिक स्रोत सम्पदाले भरिपूर्ण भएर वसेको छ । नेपालको संविधान २०७२ को संघीयसंरचना अनुसार साविकको सिलुवा,जल्पा, रिङ्नेरह देविनगर, विरकोट र हेक्लाङ गा.वि.स मिलेर यस पूर्वखोला गाउँपालिका बनेको हो ।

२०६८ को जनगणनाअनुसार १९५८९ जनसंख्या रहेको यस गाउँपालिकाको पूर्वमा निस्दी गाउँपालिका र रामपुर नगरपालिका, पश्चिममा रम्भा गाउँपालिका र माथागढी गाउंपालिका, उत्तरमा रामपुर नगरपालिका र रम्भा गाउंपालिका र दक्षिणमा माथागढी गाउँपालिका र निस्दी गाउंपालिका रहेको छ । भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि अग्ला एवं विकट पहाडी भूभागका कारण विकास निर्माणको लागि हाम्रा सामु धेरै चुनौतीहरु रहेका छन । चारैतिर जिल्लाका विभिन्न स्थानीय तहहरुले घेरिएको यस गाउँपालिका कतिपय अवस्थामा छिमेकी स्थानीय तहहरुले लिने नीति तथा कार्यक्रमसँग समन्वय हुनेगरी अगाडी वढ्नुपर्ने बाध्य देखिन्छ । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूलप्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि तथा पशु पालनक्षेत्रको व्यवसायिकिकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी नागरिकहरुलाई सेवाप्रवाहमा प्रभावकारीता कायम गर्ने,पर्यटन विकासबाट लाभ लिई आर्थिक गतिविधीको विकास गराउने, वनजंगलको संरक्षणगर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गर्दै सामाजिक रुपान्तरणवाट अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक ब्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा नेपालको संविधानको अनुसुची ८ मा व्यवस्था भए वमोजिमका कानुन निर्माण तथा कार्यान्वयन गरि आत्मनिर्भर तर्फ उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु विद्यमान रहेका छन् ।

त्यसैगरी, थुप्रै चुनौती हुंदाहुंदै पनि हामी संग प्रशस्त संभावनाहरु पनि रहेका छन् । प्राकृतिक श्रोत र साधनले भरीपुर्ण, दालचिनी, अम्लिसो, अदुवा, गेडागुडी आदीको उत्पादन, चुनढुंगाको खानी, कला र संस्कृती, श्रममा रमाउने परिश्रमी र श्रमजिवी जनता, विस्तारित सडक, समग्र विकासको लागि पूर्वखोला गाउँपालिकावाट पारित भएका ऐन, कानुन, नियमावली र उक्त ऐन कानुन अनुसार सेवाग्राहीहरुलाई गुणस्तरीय सेवादिने चुस्त कर्मचारी संयन्त्र र अभिभावको भूमिका निर्वाह गर्ने निर्वाचित जनप्रतिनिधीहरु हाम्रो विकासको संभावना हुन । यिनै सम्पूर्ण संभावनालाई आत्मसात गर्दै पूर्वखोला गाउँपालिकाको विकास निर्माणमा सवैको साथ र सहयोग अपरिहार्य रहेको छ ।

स्थानीय तहहरुको विकासको अपेक्षित उद्देश्यहरु हासिल गर्न जन निर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए वमोजिम नेपालको संविधानले स्थानीय सरकारको परिकल्पना गरे अनुसार २०७४ आषाढ १४ गते स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात जनताको जनमतले हामी निर्वाचित भई यस पूर्वखोला गाउँपालिकाको नेतृत्व सम्हालेका छौं । यस अवधि सम्म आइपुग्दा लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा हरपल प्रयत्नशील छौं ।

करिव २ वर्षको यस कार्यकाल सम्म आइपुग्दा हामिलाई गाउँपालिकाको विकास निर्माणमा सहयोग गर्ने राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक सभाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायको रचनात्मक एवं सिर्जनात्मक सहयोगका लागि म

सवै प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा समेत हामी जनप्रतिनिधीलाई यस्तै निरन्तर सहयोगको अपेक्षा गर्दछु । साथै नेपाल सरकारका ***"सम्वृद्ध नेपाल, सुखी नेपाली" तथा प्रदेश सरकारको "सम्वृद्ध प्रदेश खुशी जनता"*** भन्ने नारालाई आत्मसात गर्दै यस पूर्वखोला गाउँपालिका भित्रका नागरिकहरुलाई सम्वृद्ध र सुखी वनाउन ***"सुखी गाउँबासी, समृद्ध पूर्वखोला"***लक्ष्यका साथ योजनाबद्ध विकासको बाटोमा अघि बढ्न हामी जननिर्वाचित सम्पूर्ण प्रतिनिधीहरु यस पूर्वखोला गाउँपालिकाको चौतर्फी विकास निर्माणको लागि एकजुटभई अगाडि बढ्ने प्रण गरौं ।

**श्रद्धेय गाउँ सभाका सदस्य ज्यूहरु,**

**अब म यस गाउँपालिकाको आ.व. ०७६।०७७ को क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।**

**१.आर्थिक विकास तर्फ**

**क) कृषि तथा पशु विकास नीति**

- **"एक वडा एक उत्पादन"** को कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पूर्वखोला गाउँपालिका भित्र उत्पादन हुने कृषि तथा पशु जन्य वस्तुहरुको प्रवर्द्धन गर्दै सो को बजारिकरणको व्यवस्थाको लागि पहल गरिनेछ ।
- उत्कृष्ट कृषक तथा कृषक समुहलाई उत्पादनमा आधारित प्रोत्साहन तथा सम्मान स्वरुप पुरस्कृत गरिनेछ ।
- कृषि तथा पशु व्यवसायीहरुलाई प्रोत्साहनको लागि पशु तथा कृषि विमा कार्यक्रमको मापदण्ड वनाई लागु गर्ने व्यवस्था गरिनेछ ।
- **"घर एक, फलफुलका वोट अनेक"** अभियान संचालन गर्नको लागि फलफुलका विरुवामा अनुदानको व्यवस्था गरिनेछ ।
- व्यवसायिक रुपमा स्थानीय जातका कुखुरा, बाखा, अण्डा, दुध र तरकारी खेती गर्ने कृषकहरुलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्न पहल गरिनेछ ।
- कृषि तथा पशु कार्यक्रम सम्बन्धी विभिन्न अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पूर्वखोला गाउँपालिका तथा आसपासका क्षेत्रहरुलाई समेट्दै अदुवा तथा वेसार प्रशोधन केन्द्र स्थापना र संचालन गर्नको लागि विभिन्न निकायसँग समन्वय गरिनेछ ।
- यस गाउँपालिकाका सवै वडाहरुलाई लक्षित गरी सुन्तला, कागती र अदुवाको पकेट क्षेत्र तयार गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सँग कार्यक्रम सञ्चालनको लागि समन्वय गरिनेछ ।
- आर्थिक विकासलाई प्राथमिकता दिनको लागि सार्वजनिक, नीजि र सहकारीलाई जोड दिईनेछ ।
- कृषि व्यवसायलाई आत्म निर्भर वनाउन गाउँपालिका स्तरीय नर्सरी स्थापना गर्ने नीति लिइनेछ ।
- कृषि व्यवसायलाई सुनिश्चित गर्नको लागि माटो परिक्षण कार्यलाई विशेष जोड दिइनेछ ।
- विषादी रहित कृषि उपज उत्पादनको लागि एकिकृत शत्रु जीव व्यवस्थापन (कृषक पाठशाला) कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- भकारो सुधार तथा नश्ल सुधारको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- मकै वीज वृद्धि कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै मुला वीउ उत्पादन र सूर्यमुखीको उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- नयां जातका विभिन्न फलफुलको विरुवा जस्तै: किवी खेती गर्न प्रोत्साहन गरिनेछ ।
- रेम्वो ट्राउट, कार्प जातका माछा पालनको लागि संभाव्यता अध्ययन गरिने छ ।
- ***"आफ्नो गाउँ आफै वनाऔं, मिलीजुली वसौं सवै संगै रमाउ "*** भन्ने नारालाई अवलम्वन गर्दै सामुहिक र व्यवसायिक कृषि तथा पशुपालन व्यवसायमा जोड दिइनेछ ।

**ख) सहकारी तथा गरिबी निवारण :**

- सहकारीको महत्व तथा अवधारणालाई वडा तह सम्म पुऱ्याइनेछ ।
- उत्कृष्ट रुपमा काम गरेका सहकारी तथा समूहहरुको पहिचान गरी पुरस्कृत गरिनेछ ।
- गाउंपालिका अन्तर्गत रहेका सवै वडाहरुमा विपन्न घरधुरी पहिचानको लागि मापदण्ड तयार गरी विपन्नता प्रोफाइल तयार गरिनेछ ।
- यस गाउँपालिका भित्र सामाजिक परिचालनको कार्यक्रम संचालन गरी गरिवी निवारणमा सहयोग पु-याउने नीति अवलम्वन गरिनेछ ।
- गाउंपालिकाको वडा नं १ पाङजुङ तथा वडा नं २ को साठिकोहलमा नमूनाको रुपमा गाउँपालिका स्तरिय पूर्वखोला **ग्रामिण विकास कार्यक्रम** संचालनलाई निरन्तरता दिइने छ ।

- प्रदेश सरकार संगको समन्वयमा **मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम** संचालनको लागि पहल गरिनेछ ।

**ग) घरेलु तथा साना उद्योग :**

- लोप हुनलागेका स्थानीय सिपहरुको खोजी गरी संरक्षण तथा प्रवर्द्धनको लागि सिप विकासका तालिमहरु संचालनको लागि पहल गरिने छ ।
- यस गाउँपालिकको वडा नं १ सिलुवामा लोपोन्मुख अवस्थामा रहेको घरवुनालाई पुनखोज गरी नयां पुस्तामा सिप हस्तान्तरण गराउनको लागि तालिम कार्यक्रम संचालन गरिनेछ ।
- वेरोजगारलाई स्वरोजगार बनाउन सिकर्मी, डकर्मी, हाउस वायरिङ, लगायतका विभिन्न सिपमुलक तालिम आवश्यकता अनुसार संचालन गरिनेछ ।

**घ) पर्यटन नीति :**

- गाउंपालिका भित्रका धार्मिक तथा पर्यटकिय स्थलहरुको पहिचान गरी आन्तरिक पर्यटन प्रवर्द्धनको लागि पर्यटन गुरुयोजना तयार गर्न पहल गरिनेछ । साथै पर्यटकीय क्षेत्रको पुर्वाधार निर्माणमा जोड दिईनेछ ।
- कला र संकृतिको धनी पूर्वखोला गाउँपालिका क्षेत्रमा रहेका परम्परागत कुडुले घरहरुको संरक्षण गर्ने नीति लिइनेछ ।
- गाउंपालिका भित्रका सभावित पर्यटकीय स्थलहरुको रुपमा रहेका हात्तिलेक, चुरा मण्डली बराजू, विरकोटको निशानडाँडा, विरकोटको चूलीडाँडा,, बुढीलेक, देवीनगर भानुमाता, हेक्लाङको बाकुमगडी, रोङ्ढेङ भ्यू पोइन्ट, रिङ्नेरहको लोकेश्वर महादेव मन्दिर, जल्पाको ढोलीमाराको खांड देवी गुफा, चिडीयाघर मादले गुफा, करङडाडा, चुलीडाडा टिकेचुली अम्लिसो वगान, आदिलाई क्षेत्रगत आधारमा कमश प्रवर्द्धन गरिनेछ ।
- आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनको लागि यस गाउँपालिकाको संभावित विभिन्न वस्तीहरुमा होम स्टे संचालनको लागि पहल गरिनेछ ।
- गाउंपालिका भित्रका कला संस्कृतीको संरक्षणमा जोड दिइनेछ ।
- पानीका मुलहरु पुर्नभरण ( रिचार्ज) गर्न एक वडा एक पोखरी निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

**२. सामाजिक विकास**

**क) शिक्षा तथा खेलकुद विकास**

- विद्यालयहरुलाई आवश्यकता अनुसार निश्चित मापदण्डको आधारमा समायोजन तथा पुर्नव्यवस्थापन गर्ने नीति लिइनेछ ।
- विद्यालय गुणस्तर सुधार र **Big School** अवधारणा अनुसार थालनी गरिएको विद्यालय समायोजनको कार्यलाई दिगो र भरपर्दो वनाउन विभिन्न योजना तथा कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालयहरुको शैक्षिक सुधारको लागि शिक्षक र विद्यार्थी संख्याको अनुपातमा अनुदान दिने कार्य थालनी गरिनेछ ।
- मातृभाषाको शिक्षा संचालन गर्ने विद्यालयहरुलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ ।
- वडा स्तरमा एक एक वटा नमुना विद्यालय वनाउनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा किशोर किशोरी र अभिभावक आमा समूह वनाई विद्यालय शैक्षिक जागरण कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रका जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गर्न एस.इ.इ परिक्षामा सर्वोकृष्ट अंक ल्याउने दलित, आदिवासी जनजातीबाट एक छात्र तथा एक छात्रा पर्ने गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै आधारभूत तहमा समेत सोही वमोजिम पुरस्कृत गर्ने कार्यको थालनी गरिनेछ ।
- आवश्यकता र औचित्यताको आधारमा पूर्वाधार सहितको वालविकास केन्द्रहरु संचालनमा ल्याइनेछ । भइरहेका केन्द्रहरुलाई समायानुकुल परिमार्जन गरिनेछ ।
- विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुलाई पेशागत दक्षता अभिवृद्धिको लागि सूचना प्रविधी सम्बन्धी तालिममा जोड दिइनेछ ।
- विद्यालय व्यवस्थापन समितिको क्षमता विकासको लागि तालिम संचालन कार्यकमलाई निरन्तरता दिइनेछ ।
- विद्यार्थीहरुलाई अध्ययनमा सहयोग पु-याउनको लागि विद्यालयको पुस्तकालयहरुलाई अझै व्यवस्थित गर्दै लगिनेछ । इ-पुस्तकालय विकासको लागि कमशः पुर्वाधार विकास गर्न पहल गरिने छ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र अविभावक बीच अन्तरकृया कार्यक्रम संचालन गरिनेछ ।

- पूर्वखोला गाउँपालिकाको एक मात्र कलेज उदबुद्ध कलेजलाई गुणस्तरीय बनाउनको लागि अनुदान कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयहरुमा शैक्षिक उपलब्धी वृद्धि गर्न विभिन्न तहका सरोकारवाला निकाय तथा दातृनिकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।
- विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन गर्न पहल गरिनेछ ।

### ख) स्वास्थ्य तथा जनसंख्या सम्बन्धी

- स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनी तोकिएका सबै आधारभूत स्वास्थ्य सेवाहरु सम्पूर्ण जनताको पहुंचमा पुऱ्याउने कार्यकमहरुलाई निरन्तरता दिन जोड दिइनेछ ।
- उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि यस क्षेत्रको पायक पर्ने स्थानमा सुविधा सम्पन्न १५ शैयाको अस्पताल संचालनमा ल्याउन अध्ययन सहित पहल गरिनेछ ।
- स्वास्थ्य सेवाको पहुंच नपुगेको क्षेत्रमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरी भएका स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गर्ने व्यवस्था मिलाइने छ ।
- स्वास्थ्य चौकीहरुमा संचालित प्रसुती केन्द्र थप व्यवस्थित गर्दै यस गाउँपालिकालाई शुन्य होम डेलिभरी घोषणा गर्न पहल गरिनेछ ।
- सुत्केरी पश्चात ३ र ७ दिनमा सुत्केरीलाई घरमा गई भेट्ने (PNC) कार्यकम संचालन गरिनेछ ।
- गाउंपालिका क्षेत्रमा रहेका अति विपन्न परिवार तथा दलित परिवारलाई स्वास्थ्य उपचारमा सहयोग पु-याउन **स्वास्थ्य विमा कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको कार्य सम्पादन मूल्यांकन गरी उत्कृष्ट कार्य गर्ने लाई पुरस्कृत गर्न जोड दिइनेछ । ।
- गर्भवतीहरु चार पटक गर्भ जाँच गर्न जाँदा एक क्यारेट अण्डा उपहार दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य चौकी भवन नभएका ठाउँमा स्वास्थ्य चौकी भवन निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- आकस्मिक स्वास्थ्य सेवाको लागि गाउँपालिका तहमा एम्वुलेन्स सेवा संचालनको लागि विभिन्न निकायसंग समन्वय गरिनेछ ।
- विभिन्न सर्ने, नसर्ने रोगहरु, एच.आई.भि. एड्स नियन्त्रण, आखा शिविर, महिलाहरुको आंङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर परिक्षण जस्ता समस्यालाई सम्बन्धीत संघ संस्थाहरु संग समन्वय समेत गरी प्राथमिकताका साथ अगाडी वढाइनेछ ।
- गाउँपालिका भित्रका अपांग र ८० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई घर दैलोमा गई स्वास्थ्य सेवा उपलब्ध गरिने कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ ।
- मध्यपान तथा सुर्तिजन्य पदार्थको प्रयोग र विकी वितरण कार्यलाई निरुत्साहित गरिनेछ ।
- सुनौलो हजार दिनको आमा तथा वाल वालिकाहरुको पोषण सुधारको कार्यकम संचालन गरी पूर्ण पोषणयुक्त गाउँपालिका बनाउने कार्यको थालनी गरिनेछ । साथै हजार दिनका आमाहरुलाई नियमित भेट गरी परामर्श सेवाको थालनी गरिनेछ । यसका लागि विभिन्न सरकारी तथा गै.स.स संग समन्वय गरिनेछ ।
- स्वास्थ्य व्यवस्थापन सूचना प्रर्णालीलाई प्रभावकारी चुस्त दुरुस्त वनाउन सवै स्वास्थ्य संस्थामा कम्प्यूटर सहित इन्टरनेटको प्रवन्ध गरिनेछ र विद्युतीय हाजिरी गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउंपालिका भित्रका सम्पूर्ण मा.वि र आधारभूत विद्यालयहरुको छात्राहरुलाई सेनिटरी प्याडको वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- सवै स्वास्थ्य चौकीहरुमा जनस्वास्थ्य प्रयोगशाला स्थापनाको लागि पहल गरिनेछ ।
- संस्थागत सुत्केरीलाई दिदै आएको प्रोत्साहन स्वरुपको रकम प्रदान गर्ने कार्यकमलाई निरन्तरता दिइनेछ ।
- आयुर्वेदिक सेवालाई विस्तार गर्दै यसको महत्ववारे चेतनामुलक कार्यकम संचालन गरिनेछ ।
- कम्तिमा एक वडा एक आयूर्वेद स्वास्थ्य शिविर कार्यकम संचालनको लागि पहल गरिनेछ ।
- पूर्वखोला गाउँपालिका भित्र रहेका विभिन्न जडिवुटीहरुको पहिचान तथा महत्वका लागि चेतना अभिवृद्धिको कार्यकम संचालन गरिनेछ ।

### ग) महिला तथा बालबालिका सम्बन्धी

- महिलाहरुको सिप विकास, क्षमता विकास, आयआर्जन तथा सशक्तिकरणमा जोड दिदै लैगिक हिंसाको लागि शुन्य सहनशिलतालाई अवलम्वन गर्दै लैगिक हिसां शुन्य गाउँपालिका बनाउने नीति अवलम्वन गरिनेछ ।

- **"विकास निर्माणमा महिला, इमान्दारीता र पारदर्शितामा पहिला"** भन्ने भावनाको साथ प्रत्येक योजनाको कार्यान्वयनमा महिला सहभागिता न्यूनतम ५०% पुऱ्याउन जोड दिइनेछ ।
- एकल महिलाहरुलाई विभिन्न आयमुलक कार्यक्रम संचालन गरी आत्मनिर्भरता तर्फ उन्मूख गरिनेछ ।
- असमान ज्यालालाई हटाउदै ***"समान कामको लागि समान ज्याला"*** को नीति अवलम्बन गरिनेछ ।
- ***"वालवालिकामा लगानी, खेरा जादैन है कत्तिपनि"*** भन्ने भनाइलाई सार्थक वनाउन ***वालमैत्री स्थानीय शासनलाई*** अवलम्वन गर्ने नीति लिइनेछ ।
- यस गाउँपालिकालाई बालविवाहमुक्त गाउँपालिका बनाउनको लागि चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- द्वन्दपिडित, शहिद परिवार, आर्थिक सामाजिक रुपले पछाडी परेको वर्ग तथा समुदायको हितको लागि लक्षित कार्यक्रम लगायत सिपमुलक, आयमुलक र रोजगारी मुलक कार्यक्रम संचालनमा जोड दिईने छ ।
- यस गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुलाई अध्ययन कार्यमा प्रोत्साहनको लागि छात्रवृत्ती पोषाक, अध्ययन सहयोग सामाग्री आदी प्रदान गर्ने नीति लिइने छ ।

**घ) फरक क्षमता(अपांगता) तर्फ**

- फरक क्षमता (अपांगता) भएका ब्यक्तिहरुलाई सेवाप्राप्तीमा सहज पहुँचका लागि गाउँपालिकाका, वडा कार्यालय तथा अन्य सरकारी कार्यालयहरुलाई क्रमश अपाङ्ग मैत्री वनाउँदै जाने नीति लिइनेछ ।
- अपागंता भएका व्यक्तिहरुलाई अपांगताको वर्गिकरण अनुसार गाउँपालिकाको तर्फबाट थप राहत वितरणका कार्यक्रमहरु लागु गर्ने नीति लिइनेछ ।
- विद्यालयमा अध्ययन गर्न चाहने विद्यालय उमेरका फरक क्षमता भएका (दृष्टिविहीन, वौद्धिक अपांग, सुस्त श्रवण र सुस्त मनस्थिती) बालवालिकाहरुलाई गाउँपालिकाको सहयोग र अन्य विभिन्न निकाय संगको सहयोग र समन्वयमा अध्ययनको अवसर प्रदान गर्न पहल गरिनेछ ।

**ङ) लक्षित (आदिवासी जनजाती, दलित,सिमान्तकृत, अल्पसंख्यक) वर्ग**

- लक्षित वर्गहरुको सिप, क्षमता विकास तथा आयआर्जनको लागि विभिन्न सिप, क्षमता तथा आयमुलक तालिम कार्यकमहरु संचालन गरिनेछ ।
- लक्षितवर्ग अन्तर्गतका वर्गहरुको परंम्पारगत पेशालाई समयानुकुल परिमार्जन गर्दै पेशागत सुधारको लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलव्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ ।
- उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई लक्षित गरी सरकारी सेवा तर्फ प्रेरित गर्न लोकसेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षाहरु संचालनलाई निरन्तरता दिइनेछ ।
- गाउंपालिकावाट विनियोजन हुने लक्षित वर्गको वजेटलाई व्यवस्थित गरी कार्यान्वयन गर्नको लागि कार्यविधी तयार गरी सोही आधारमा लक्षित वर्गको कार्यकम कार्यान्वयन गरिनेछ ।

**च) युवावर्ग :**

- युवावर्गमा भएको सिप तथा क्षमताको पहिचान गरि ***"गाउं विकासको लागि युवा अभियान"*** कार्यकम संचालन गरि युवाहरुलाई समाज सेवा प्रति प्रेरित गर्ने नीति लिइनेछ ।
- खेलकुंदमा युवाहरुको वढ्दो आकर्षण भएको हुंदा युवाहरुको माग वमोजिम गाउँपालिका स्तरिय विभिन्न खेलकुंदका कार्यकमहरु आयोजना गरिनेछ ।
- गाउंपालिका स्तरिय युवा तथा खेलकुंद विकास समिति मार्फत युवा सम्बन्धी विभिन्न कार्यकमहरु संचालन गर्नको लागि सुझाव सल्लाह लिइनेछ ।
- ***"वेरोजगार युवाको लागि रोजगार, पूर्वखोला विकासको आधार"*** लाई ध्यान दिदै आगामी ३ वर्ष भित्र यस पूर्वखोला गाउँपालिकाका करिव ३०० जना युवाहरुलाई स्वरोजगार वनाउने कार्यकमहरु संचालन गरिनेछ ।
- एक वडा एक खेलमैदानलाई वडाको संभाव्यताको आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।
- गाउंपालिका स्तरिय खेलमैदानको लागि संभाव्यता अध्ययन गरी उच्च स्तरिय खेलमैदानको रुपमा विकास गर्ने नीति लिइनेछ ।

**छ) जेष्ठ नागरिक :**

- ***"घर घरमा जनप्रतिनिधी र कर्मचारीको सेवा, जेष्ठ नागरिक पूर्वखोलाको पेवा"*** लाई ध्यान दिदै सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई घरदैलो सम्म पुऱ्याउने व्यवस्था लाई निरन्तरता दिइनेछ ।

- अनुभवका धनी जेष्ठ नागरिकहरुको अनुभवलाई सम्मान गर्दै जेष्ठ नागरिकहरुको अनुभव, भोगाई र सिकाईहरुलाई विकासको क्षेत्रमा उपयोग गर्ने नीति लिइनेछ ।
- जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालनको लागि पहल गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै वडा तहमा जेष्ठ नागरिक अन्तरकृया कार्यकमलाई निरन्तरता दिइनेछ ।

**ज) खानेपानी, सरसफाई तथा स्वच्छता तर्फ :**

❖ नेपाल सरकारको नीति अनुसार खानेपानी योजनाहरुमा **"एक घर एक धारा"** को कार्यकमलाई निरन्तरता दिदै आगामी ३ वर्ष भित्र गाउँपालिकाका हरेक घरमा **एक घर एक धारा** सम्पन्न गर्न प्रयत्न गरिनेछ ।

❖ ***"पूर्ण सरसफाई हाम्रो अभियान, पूर्वखोलाको पहिचान"*** लाई सार्थक तुल्याउनको लागि खानेपानी संगै पूर्ण सरसफाईका कृयाकलापहरु हरेक वडामा संचालन गरि आगामी तीन वर्ष भित्र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्ने गरी यस वर्ष देखि गाउँपालिकाको वडाहरुमा विशेष सरसफाई कार्यकम लागु गर्न पहल गरिनेछ ।

❖ यस गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता (वास) कार्ययोजना तयार गर्नको लागि पहल गरिनेछ ।

❖ निर्माण भइसकेका तथा नयां निर्माण हुने खानेपानी योजनालाई दिगो वनाउनको लागि मर्मत संभार कोष स्थापना गरी मर्मत संभारकर्ता तालिम संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

❖ गाउंपालिकाका वजार उन्मुख क्षेत्रहरुको पहिचान गरी सार्वजनिक शौचालयको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

❖ सफा र स्वच्छ खानेपानीको लागि पानीको गुणस्तर परिक्षणलाई जोड दिइने छ ।

**झ) न्यायिक समितिको क्षमता विकासः**

❖ न्यायिक समितिको पदाधिकारीहरुको क्षमता विकासको लागि समयानुकुल र विषयानुकुल क्षमता विकासको लागि तालिम कार्यकमहरु संचालन गरिनेछ ।

❖ वडा तहमा मेलमिलाप केन्द्र गठन गरि वडावाट आउने विवादहरु सोही केन्द्र मार्फत निवारण गरीनेछ ।

❖ गाउंपालिका स्थित मेलमिलाप केन्द्रको लागि पूर्वाधार युक्त वनाउन जोड दिइनेछ ।

**३. वन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन :**

✓ वातावरण संरक्षणको लागि गाउँपालिका क्षेत्रमा खाली रहेका सार्वजनिक तथा निजी जग्गाहरुमा वृक्षारोपण गरि हरियाली प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

✓ वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनको लागि गाउँपालिकाले वनको नर्सरी स्थापना गर्न जिल्ला वन कार्यालय तथा रम्भा सव डिभिजन वन कार्यालय संग आवश्यक समन्वय गर्नेछ ।

✓ ***वातावरणमैत्री स्थानीय शासनका*** सुचकहरु अवलम्वन गर्दै वातावरण मैत्री गाउँपालिका निर्माणको लागि विभिन्न कार्यकमहरु संचालनमा ल्याउने नीति अवलम्वन गरिनेछ ।

✓ फोहरमैलाको दीर्घकालिन समाधान तथा व्यवस्थापनको लागि जग्गाको (ल्याण्डफिल साइट) खोजी गरिनेछ ।

✓ विपद व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु वडागत रुपमा संचालन गरिनेछ ।

✓ गाउंपालिकामा विपद् व्यवस्थापन कोषमा आवश्यकता अनुसार वजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

✓ वन संरक्षण, सम्वर्द्धन, डढेलो नियन्त्रण आदी कार्यकमको लागि सामुदायिक वन उपभोक्ता महासंघ गाउँ समितिसंग समन्वयात्मक रुपमा विभिन्न कार्यकमहरु संचालन गरिने छ ।

✓ निर्माण भएका मोटरवाटोको किनारामा वृक्षारोपण गर्न प्राथमिकता दिइनेछ ।

✓ नदी नियन्त्रण कार्य संगै हरियाली प्रवर्द्धनको लागि छिटो वढ्ने र पानी संचित गर्ने वैश आदी जातको विरुवा खोला किनाराका सांथै पानीको मुहान क्षेत्रमा लगाई नदी नियन्त्रण तथा पानीको मुहान संरक्षण कार्यमा सहयोग पु-याउन पहल गरिने छ ।

✓ स्वास्थ्य तथा वातावरण सुधारको लागि सुधारिएको धुवां रहित चुल्हो कार्यकम संचालन गर्न पहल गरिनेछ ।

✓ भू क्षय रोकथामको लागि समन्वयात्मक रुपमा गह्रा सुधारका कार्यकम संचालन गरिनेछ ।

**४. पूर्वाधार विकास**

**क) सडक निर्माण तर्फ :**

- गाउँपालिकाको केन्द्र देखी सवै वार्ड केन्द्रहरुलाई जोड्ने मोटरवाटोलाई बाह्रै महिना सवारी संचालनको लागि मोटरवाटोको स्तरोन्नती गरीनेछ ।

- सडकको राष्ट्रिय मापदण्डलाई आधार मान्दै गाउँपालिकाले सडक मापदण्ड तयार गरी लागु गर्ने नीति अवलम्बन गरीनेछ ।
- छिमेकी स्थानीय तहहरु, प्रदेश तथा संघीय सरकार संग समन्वय गर्दै पूर्वाधार विकासको कार्यलाई अगाडी वढाइने छ ।
- पूर्वखोला गाउँपालिका भित्र रहेका महत्वपूर्ण एवं घना वस्ती तथा वजार उन्मुख क्षेत्रका मुख्य सडकलाई कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- निर्माण कार्यमा मानव जनशक्तिलाई प्राथमिकता दिई रोजगारीको अवसर श्रृजना गर्ने कार्यलाई जोड दिइनेछ ।
- पूर्वखोला सडक गुरु योजना निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- निर्माण भएका मोटरवाटोहरुमा निर्वाध रुपमा सवारी साधन संचालन तथा सडकको नियमित मर्मत संभारको लागि सडक मर्मत संभारकर्ताहरु परिचालन गरिनेछ ।
- गुणस्तरिय कार्य गर्ने उपभोक्ता समिति/ निर्माण समितिलाई मापदण्डको आधारमा छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

**ख) विद्युत तथा संचार :**

- **"विकासको आधार, विद्युत र संचार"** लाई सार्थक वनाउनको लागि गाउँपालिकाले नेपाल विद्युत प्राधिकरण, दुरसंचार प्राधिकरण तथा अन्य सेवा प्रदायक संस्था संग समन्वय गरी विद्युतिकरण तथा दुरसंचारको नेटवर्क सवल पर्ने कार्यमा आवश्यक समन्वय गर्नेछ ।
- आ.व ०७६।०७७ मा **"टुकि रहित गाउँपालिका" ब**नाउनको लागि सौर्य उर्जा तथा विद्युतिकरणमा जोड दिइनेछ ।
- यस गाउँपालिका क्षेत्रवाट वग्ने पूर्वखोलाको मस्त्याङ्दी र जल्पाको छहराकुनामा विद्युत उत्पादनको संभावनालाई ध्यान दिदै संभाव्यता अध्ययन गर्ने व्यवस्था मिलाइने छ ।
- काठका विद्युत पोलहरुको साटो फलामे विद्युत पोलहरुको प्रयोगमा जोड दिई सोही अनुसार काठेपोल रहित गाउँपालिका वनाउन नेपाल विद्युत प्राधिकरण संग समेत आवश्यक समन्वय गरीनेछ ।

**ग) सिंचाई तर्फ :**

- स्थानीय आवश्यकताको आधारमा सिंचाईको सुविधावाट वन्चित रहेको फाँटहरुमा सिंचाईको व्यवस्था मिलाई उत्पादनमा थप वृद्धि गरिनेछ ।
- भईरहेका सिंचाई प्रर्णालीको मर्मत तथा सुधार गर्दै श्रोतको उपलव्धता र आवश्यकताको आधारमा नयां प्रविधीमा आधारित सिंचाई प्रविधी (विद्युतीय तथा सौर्य प्रर्णाली)को व्यवस्था गरी उत्पादकत्वमा वृद्धि गर्ने नीति लिइनेछ ।
- मझौला र ठुला सिंचाई योजनाको लागि जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय, प्रदेश सरकार र संघीय सरकारसंग समन्वय गरिनेछ ।

**घ) अन्य पूर्वाधार निर्माण**

- गाउँपालिकाको आफ्नै प्रशासनिक भवन नहुंदा सेवाग्राहीहरुलाई गुणस्तरिय सेवा दिन गाह्रो परेको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको सुविधा सम्पन्न भवन निर्माण तथा पुननिर्माणको लागि जग्गाको व्यवस्था गर्दै प्रदेश, संघीय सरकार अन्य निकाय तथा दातृ निकाय संग समन्वय गरिने छ ।
- वढदै गएको वजारिकरणलाई ध्यान दिदै नयाँ निर्माण गरिने भवनहरुमा भवन निर्माण मापदण्ड लागु गर्न पहल गरिनेछ ।
- नयां निर्माण हुने घरहरुको लागि भवन निर्माण आचार संहिता लागु गर्ने नीति लिइनेछ ।
- छरिएर रहेका वस्तीहरुमा पूर्वाधार निर्माण गर्न महंगो पर्ने हुंदा उपलव्ध श्रोत र साधनको उच्चतम उपयोग गर्न एकिकृत वस्ती विकासलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- सपाहा र मंगला क्षेत्रमा निर्माण गरिने जलासयलाई प्रयोगमा ल्याई सो को माध्यमवाट वोटिङ तथा माछा पालन गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्न पहल गरिनेछ ।
- गाउंपालिका भित्र रहेका खोला तथा खोल्साका खोचहरुमा जलभण्डार निर्माण गरी सिंचाई तथा विद्युत उत्पादन, माछा पालन , डुंगा वहार (Boating),लगाएतका वहु उद्देश्य योजना उपयोगमा ल्याउन संभाव्यता अध्ययन शुरु गरिनेछ ।
- यस गाउँपालिकामा वसाई सराई गरी घर निर्माण गर्न आउने घरपरिवारलाई घर निर्माणको लागी विशेष प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**ङ) सूचना तथा संचार तर्फ :**

- ✓ पूर्वखोला गाउँपालिकामा दुरसंचारको गुणस्तरिय सेवाको लागि अत्याधुनिक प्रविधि सहितको दुर संचार टावर निर्माणको लागि दुर संचार प्राधिकरण संग आवश्यक सहयोग र समन्वय गरिनेछ ।

- ✓ वडा तथा स्वास्थ्य चौकीहरुमा इन्टरनेटको सुविधा थप गर्नको लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- ✓ गाउंपालिकाका विकास निर्माणका हरेक गतिविधीहरुलाई आम जनसमुदाय समक्ष पु-याउन सामुदायिक रेडियो मार्फत रेडियो कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।
- ✓ पत्रकारीता र संचार जगत संग विकास र सुशासनमा सहकार्य गरिने छ ।

**५. संस्थागत विकास तथा सेवा प्रवाह :**

- ***"सुस्पष्ट नीति र सरल कार्य पद्धती, सक्षम र असल नेतृत्व पूर्वखोलाको सम्पत्ति"*** यस भनाई संगै गाउँपालिकाको दैनिक प्रशासनिक कार्य संचालन गर्नको लागि आवश्यक पर्ने विभिन्न सफ्टवेरको माध्यम द्वारा सेवाग्राहीहरुलाई चुस्त सेवा दिइ शुसासन प्रवर्द्धन गरिनेछ ।
- यस गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासको लागि समयानुकुल विभिन्न क्षमता विकासका कार्यकमहरु आयोजना गरिनेछ ।
- औचित्यताको आधारमा सरकारी तथा गैर सरकारी संस्थाहरुसंग सहकार्य गर्दै सामाजिक तथा आर्थिक विकासका कार्यकमहरु संचालन गर्ने नीति लिइनेछ ।
- गाउंपालिकामा राम्रो कार्यसम्पादन गर्ने कर्मचारी, उत्कृष्ठ विद्यालय तथा शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- जनता र प्रहरी विच सुमधुर सम्वन्ध स्थापित गर्नको लागि सामुदायिक प्रहरी कार्यकम संचालनको लागि पहल गरिनेछ ।

**६). वित्तिय अनुशासन र सुशासन :**

- ➢ उपभोक्ता समितिको क्षमता विकासको लागि वडा तहमा तालिम कार्यकम संचालन गरिनेछ ।
- ➢ गाउंपालिकाको नाममा रहेको वेरुजु तथा पेश्की वेरुजुलाई फर्स्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- ➢ शुसासन प्रवर्द्धनमा जोडदिन**"सिंहदरवारको अधिकार घर आँगन सम्म"**भन्ने सरकारको अवधारणा अनुसार गाउँपालिकामा आउने गुनासोहरुलाई व्यवस्थित गर्नको लागि गुनासो अभिलेख गर्ने प्रर्णालीको विकास गरिनेछ ।
- ➢ वडा तह देखि गाउँपालिका तह सम्म सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, नागरिक वडापत्र आदिको माध्यमद्धारा वडा तथा गाउँपालिका तहमा शुसासन प्रवर्द्धनमा जोड दिइनेछ ।
- ➢ पूर्वखोला गाउँपालिकाका विकास निर्माणका गतिविधिहरु आम जनतासंग पु-याउन ***"पूर्व खोला विकास शन्देश"*** नामको अर्धवार्षिक वुलेटीन प्रकाशन गरिनेछ ।
- ➢ संस्थागत जवाफदेहिता कायम गर्न अर्ध वार्षिक रुपमा वडा स्तरमा **जनतासँग अध्यक्ष साक्षात्कार कार्यकम** संचालन गरिनेछ ।

यस गाउँपालिकाको स्रोत तथा साधनले धान्न नसक्ने ठूला योजनालाई कार्यान्वयन गर्नको लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकाय समक्ष पेश गर्ने गरि प्रस्ताव गरेको छु ।

**श्रद्धेय सभा सदस्य ज्यूहरु,**

प्रस्तुत नीति अनुसारका कार्यक्रम तथा वजेटको कार्यान्यनबाट यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधारको विकास तथा वातावरण संरक्षण संम्वर्द्धन मार्फत स्थानीय स्तरमा रोजगारीका अवसरमा वृद्धि हुने अपेक्षा गरिएको छ । त्यसैगरी गरिवी निवारण, आयआर्जनको यथोचित वातावरण सृजना भई पूर्वखोला गाउँपालिकाको चौतर्फी विकासमा योगदान पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस पूर्वखोला गाउँपालिकाको आ.व ०७६।०७७ को लागि नीति तथा कार्यकम तयार गर्न आफ्नो अमूल्य राय सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरु, राजनीतिक दल, कर्मचारी, शिक्षक, नागरिक समाज, पत्रकार जगत लगायत विभिन्न संघ संस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य सुझाव दिनुहुने प्रदेश सभा सदस्य माननीय नारायण प्रसाद आचार्य ज्यू प्रति आभार व्यक्त गर्दछु ।

धन्यवाद

**नुन वहादुर थापा**
**अध्यक्ष**
पूर्वखोला गाउँपालिका, पाल्पा
मिति :२०७६।०३।१०